# पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/०८/०८

प्रस्तावनाः निर्वाहमुखी र परम्परागत पशुपन्छी तथा मत्स्यपालन क्षेत्रलाई व्यावसायिक बनाई पशुपन्छी तथा मत्स्यजन्य पदार्थको उत्पादन र उत्पादकत्वको वृद्धिबाट कृषकहरुको जीवनस्तरमा सुधार तथा आर्थिक उन्नति मार्फत प्रदेशलाई पशुपन्छी तथा मत्स्यजन्य उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले प्रदेश विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आवेदक" भन्नाले यस कार्यविधि र सार्वजनिक सूचना मुताबिक प्रस्ताव पेश गर्न योग्य कृषक समूह/ कृषि तथा पशुपालन सहकारी/नीजि फार्मलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले निर्देशनालय मातहतको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(ग) "कार्यक्रम" भन्नाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट सम्झनु पर्छ ।

(घ) "दुग्ध उत्पादक सहकारी संस्था" भन्नाले दूध सङ्कलन, प्रशोधन तथा वितरण गर्ने सहकारी संस्था सम्झनु पर्छ। साथै सो शब्दले दूध सङ्कलन, प्रशोधन तथा वितरण कार्यमा संलग्न बहुउद्देश्यीय सहकारी, साना किसान सहकारी तथा कृषि सहकारी संस्थालाई पनि बुझाउँदछ।

(ङ) "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ज) "साझेदार संस्था" भन्नाले सम्बन्धित कार्यालय वा निर्देशनालयबाट सञ्चालन हुने कार्यक्रमको लागि छनौटमा परी सम्झौता गरेका आवेदक सम्झनु पर्छ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन प्रक्रिया

३. **प्रस्ताव आह्वानः** (१) कार्यालय/निर्देशनालयले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक हरुलाई लक्षित गरी प्रस्ताव पेश गर्न ३०(तीस) दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा कार्यालय/निर्देशनालयले पुनः १५(पन्ध्र) दिनको समय सीमा राखी १ (एक) पटकको लागि प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्न सक्नेछ ।

४. **प्रस्ताव दर्ताः** कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेका इच्छुक आवेदकले दफा ३ मा उल्लिखित समय सीमा भित्र अनुसूची-४ बमोजिमको कार्ययोजना, अनुसूची-५ बमोजिमको स्वघोषणा-पत्र, अनुसूची-६ बमोजिमको कार्यक्रम सञ्चालन हुने स्थानसम्मको नक्सा लगायतका अनुसूची-३ मा उल्लिखित अन्य आवश्यक कागजात सहित अनुसूची-२ को ढाँचामा आवेदन सम्बन्धित कार्यालय/निर्देशनालयमा दर्ता गर्नु पर्नेछ ।

५. **प्रस्ताव मूल्याङ्कन तथा स्थलगत प्रमाणीकरणः** (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मूल्याङ्कन गरी स्थलगत प्रमाणीकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ । कार्यालयले स्थलगत प्रमाणीकरणको लागि अनुसूची-७ बमोजिमको प्रतिवेदन ढाँचा प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा बढीमा २ (दुई) जना विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम गठित मूल्याङ्कन समितिले अनुसूची-८ बमोजिमको आधारमा रही मूल्याङ्कनका गर्दा ५० (पचास) प्रतिशत वा सो भन्दा बढी अंक प्राप्त गर्ने आवेदकलाई मात्र छनौटका लागि सिफारिस गर्नु पर्नेछ ।

६. **प्रस्ताव छनौटको जानकारीः** स्वीकृत भएका प्रस्तावहरुको जानकारी र प्रस्ताव छनौट बारे निवेदन/गुनासो दर्ता गर्न आवेदकलाई ७(सात) दिनको समय सीमा राखी आशयको सूचना प्रकाशन गरिनेछ ।

७. **सम्झौताः** (१) स्वीकृत प्रस्तावका आवेदकहरुसँग कार्यालयले अनुसूची-१५ बमोजिमको सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(२) तोकिएको अवधिभित्र सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गरिने छ । साझेदारले सम्झौता गर्नु अघि सोही प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थावाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

## परिच्छेद-३

## पशुजन्य पदार्थ उपभोग प्रवर्द्धन कार्यक्रम

८. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका दिवा खाजाको व्यवस्था भएका सामुदायिक विद्यालयहरुको समन्वयमा दिवा खाजामा पशुपन्छीजन्य उत्पादन समावेश गर्नेछ ।

(२) कार्यालयले जिल्लाभित्र मनाइने विभिन्न उत्सव, चाडपर्व, समारोह र दिवसहरुमा उपयुक्तताका आधारमा पशुजन्य पदार्थ वितरण गर्नेछ ।

(३) कार्यालयले सरकारी स्वामित्वका स्वास्थ्य निकायहरुमा नियमित स्वास्थ्य जाँच गराउने गर्भवती महिला, सुत्केरी महिला, अनाथ आश्रममा रहेका बालबालिका, कुपोषण र पुड्कोपना भएका बालबालिका, बनकरिया, सुरेल, हायु, बोटे, माझि, जिरेल, थामी, चेपाङ र भुजेल जस्ता अल्पसंख्य समुदाय, वृद्धाश्रममा रहेका वृद्धवृद्धालाई आवश्यकता अनुसार पशुपन्छीजन्य पदार्थ वितरण गर्नेछ ।

(४) कार्यालय तथा निर्देशनालयले पशुपन्छीजन्य उत्पादनको उपभोग सम्बन्धी सचेतनामूलक सामाग्रीहरुको तयारी, प्रसारण तथा प्रेषण गर्नेछ ।

(५) कार्यालयले पशुपन्छीपालक कृषकहरुको लागि तालिम, सचेतना गोष्ठी, पशुपन्छीपालनसँग सम्बन्धित प्रविधि प्रदर्शनी, स्कुल शिक्षा लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।

(६) निर्देशनालयले दूध तथा दुग्धजन्य उत्पादन उपभोग सम्बन्धी सामाग्री तयार गरी राजमार्गको आसपासको उपयुक्त स्थान यकिन गरी डिजिटल बोर्ड मार्फत डिस्प्ले गर्ने व्यवस्था मिलाउनेछ ।

(७) कार्यालयले कार्यक्रम संचालन पूर्व लागत स्टिमेन्ट तयार गरि कार्यालयबाट स्वीकृत गराउनु पर्नेछ ।

(८) कार्यालयले कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक संघसंस्था, सरकारी निकाय वा अन्य सरोकारवालाहरुसँग सहकार्य वा समन्वय गर्न सक्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद-४

## दूध उत्पादनमा वृद्धि कार्यक्रम

९. **दूध जोन छनौटः** कार्यालयले जिल्ला भित्र दूध जोन छनौट गरी उक्त जोन भित्र कार्यक्रम लागू गर्नेछ ।

१०. **छनौट समितिः** (१) दूध जोन छनौटको लागि जिल्लास्थित कार्यालयमा देहाय अनुसारको छनौट समिति रहनेछः-

(क) प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

(ख) प्रतिनिधि, जिल्ला दुग्ध उत्पादक सहकारी संघ -सदस्य

(ग) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

(घ) प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र -सदस्य

(ङ) योजना शाखा प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम छनौट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म दुग्ध उत्पादन/ प्रशोधन/ बजारीकरण कार्यको ज्ञान र अनुभव भएको व्यक्तिलाई विज्ञको रुपमा बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) छनौट समितिले अनुसूची-९ बमोजिमका आधारमा दूध जोन छनौट गर्नेछ ।

११. **प्याकेज निर्धारणः** (१) कार्यालयले दैनिक अनुसूची-९ बमोजिम दूध उत्पादन गर्ने निजी फार्महरुलाई उत्पादनमा वृद्धि प्रतिवद्धताका आधारमा देहाय बमोजिम २(दुई) किसिमको प्याकेज निर्धारण गर्नेछः-

क. प्याकेज १ (एक) मा उलेल्खित मापदण्ड बमोजिम कार्यक्रम सम्पन्न भए पश्चात बढीमा २०(विस) प्रतिशतसम्म उत्पादन वृद्धि गर्ने ठोस कार्ययोजना सहित लिखित प्रतिवद्धता गर्ने निजी फार्महरुलाई प्रति साझेदार अधिकतम रु ७५ (पचहत्तर) हजार भुक्तानी गर्नेछ ।

ख. प्याकेज २(दुई)मा उलेल्खित मापदण्ड बमोजिम कार्यक्रम सम्पन्न भए पश्चात २०(विस) प्रतिशत भन्दा बढी उत्पादन वृद्धि गर्ने ठोस कार्ययोजना सहित लिखित प्रतिवद्धता गर्ने निजी फार्महरुलाई प्रति साझेदार अधिकतम रु ८० (असी) हजार भुक्तानी गर्नेछ ।

(२) कार्यालयले स्वीकृत कार्यक्रम र बजेटको अधीनमा रही प्याकेज १(एक) र प्याकेज २(दुई)को संख्या निर्धारण गर्न सक्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(३) कार्यालयले प्याकेज १(एक) र प्याकेज २(दुई) अन्तर्गत साझेदार संस्था सूचना प्रकाशन गरी छनौट गर्नेछ ।

१२. <u>कार्यक्रम सञ्चालनका अन्य शर्तहरुः</u> (१) साझेदार संस्था सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नवीकरण र कर चुक्ता गरेको हुनु पर्नेछ ।

(२) साझेदार संस्थाले पशुहरुको अनिवार्य बीमा गर्नु पर्नेछ ।

(३) साझेदार संस्थाले देहाय अनुसारका कृयाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) पशु आहारा व्यवस्थापन,

(ख) गोठ निर्माण/सुधार,

(ग) जैविक सुरक्षाको व्यवस्थापन,

(घ) परजीवी नियन्त्रण/उपचार,

(ङ) खोप कार्य सञ्चालन,

(च) उन्नत गाई/भैंसी खरिद,

(छ) उन्नत साँढे/राँगो खरिद (कृत्रिम गर्भाधान कार्य संचालन नुहने स्थानको लागि सम्बन्धित कार्यालयको सिफारिसमा मात्र),

(ज) काउ म्याट, उपकरण खरिद, आदी ।

(४) साझेदार संस्थाले दैनिक रुपमा दूध उत्पादनको अभिलेख राख्नु पर्नेछ र पाक्षिक रुपमा अनुसूची-१० बमोजिमको विवरण भरी कार्यालयमा पेश गर्नु पर्नेछ ।

(५) कार्यालयले साझेदार संस्थाले उपदफा (४) बमोजिम पेश गरेको विवरण तथा कार्यक्रमको प्रगतिको स्थलगत अनुगमन गरी भेरिफिकेशन गर्नेछ ।

(६) कार्यालयले स्वीकृत बजेटको अधीनमा रही स्थलगत अनुगमनबाट पुष्टि भएको दूध उत्पादनमा वृद्धिलाई आधार मानी ६० दिन(दुई महिना) पश्चात तोकिए बमोजिम साझेदारलाई भुक्तानी गर्नेछ ।

(७) साझेदार संस्थाले सम्झौता अनुसार दूध उत्पादनमा वृद्धि हाँसिल गर्न नसकेमा कार्यालय भुक्तानी दिन बाध्य हुने छैन ।

१३. गत वर्षको फलोअप दुध जोन कार्यक्रमको लागि गत वर्ष स्वीकृत दुध जोन भित्रका छुट भएका कृषकहरुको लागि दफा ११ र १३ बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ ।

## परिच्छेद-५

## <u>एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम</u>

१४. <u>छनौट समितिः</u> (१) एक पकेट खोरेत रोग मुक्त अभियान कार्यक्रम कार्यान्वयनको लागि पकेट क्षेत्र छनौट गर्न जिल्लामा देहाय बमोजिमको छनौट समिति रहनेछ ।

प्रमुख, जिल्ला समन्वय समिति -संयोजक

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौडा, नेपाल

प्रतिनिधि, जिल्ला उत्पादक सहकारी संघ/कृषक -सदस्य

प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य

प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि, कृषि ज्ञान केन्द्र -सदस्य

पशु चिकित्सक/पशु विकास अधिकृत, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम छनौट समितिले आवश्यक ठानेमा २(दुई) जनासम्म विज्ञ बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१५. <u>पकेट क्षेत्रको छनौटः</u> (१) दफा १५ को उपदफा (१) बमोजिमको छनौट समितिले देहायका आधारमा कार्यक्रम सञ्चालन हुने पकेट क्षेत्र छनौट गर्नेछ :-

(क) खुरफट्टा पशुहरुको संख्या (एक हजार भन्दा बढी हुनु पर्ने),

(ख) रोगको प्रकोपको अवस्था र सम्भावित जोखिम,

(ग) पशु ओसार-पसार बढी हुने क्षेत्र,

(घ) व्यवसायिक पशुपालनमा अग्रणी क्षेत्र ।

(२) कार्यालयले कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तह र राष्ट्रिय खोरेत तथा सिमाबिहिन रोग अन्वेषण प्रयोगशाला काठमाण्डौ सँग समन्वय गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम खोप कार्यक्रममा सहभागी हुनु कृषकहरुको कर्तव्य हुनेछ । खोप कार्यक्रममा कृषकहरुबाट सहयोग प्राप्त नभएमा वा कुनै किसिमको वाधा अड्चन सृजना भएमा सम्बन्धित कार्यालयले कार्यक्रम रद्द गर्न सक्नेछ ।

१६. <u>प्रचार/प्रसारः</u> कार्यालयले सम्बन्धित स्थानीय तहको पशु सेवा शाखासँग समन्वय गरी खोप कार्यक्रमको महत्व, खोप तालिका र कार्यक्रम कार्यान्वयन सम्बन्धमा स्थानीय तह, वडा तथा टोल स्तरीय अभिमुखीकरण तथा प्रचार प्रसार कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

१७. <u>आवश्यक सामाग्री खरिद तथा भण्डारणः</u> (१) नेपाल सरकार पशु सेवा विभाग मातहतका निकायहरुबाट राष्ट्रिय खोप कार्यक्रमका लागि निःशुल्क उपलब्ध हुने खोपहरुको हकमा निर्देशनालयले सम्बन्धित निकायहरुसँग समन्वय गरी सम्बन्धित कार्यालयको लागि निर्धारित परिमाणमा खोप उपलब्ध गराउने छ । खोप कार्यक्रम कार्यान्वयन गर्न आवश्यक थप खोप सम्बन्धित कार्यालयले खरिद गर्न सक्नेछ ।

(२) खोप कार्यका लागि अनुसूची-११ बमोजिमका आवश्यक सामाग्रीहरु कार्यालयले खरिद गरी व्यवस्थापन गर्नेछ ।

(३) खोपको उचित भण्डारणको सुनिश्चितताको लागि कार्यालयले सम्बन्धित स्थानीय तह तथा अन्य सरोकारवालहरुसँग समन्वय गर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१८. <u>खोपकर्ताको छनौट तथा अभिमुखीकरणः</u> (१) कार्यालयले ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा भेटेरिनरी जे.टि./ जे.टि.ए. तालिम वा भेटेरिनरी विषयमा औपचारिक शिक्षा हासिल गरेका नेपाली नागरिकलाई खोप कर्ताको रुपमा करारमा नियुक्ति दिनु पर्नेछ । खोप कर्ता नियुक्ति गर्दा सम्बन्धित स्थानीय तहका प्राविधिकहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

(२) कार्यालयले खोपकर्तालाई खोपको ढुवानी व्यवस्थापन, लगाउने उमेर, घोल्ने तरिका, मात्रा, लगाउने माध्यम, खोप कार्ड भर्ने तरिका, जैविक सुरक्षा, व्यक्तिगत सुरक्षाका उपायहरु, खोप लगाउँदा ध्यान दिनु पर्ने कुराहरु लगायतका प्राविधिक विषयहरु तथा जैविक फोहोर व्यवस्थापन सम्बन्धी जानकारी दिन अभिमुखीकरण कार्यक्रम गर्नेछ ।

१९. <u>खोप कार्यक्रमः</u> (१) गाई, भैंसी तथा बंगुरका लागि सम्बन्धित फार्ममा र भेडा, बाख्राका लागि कुनै खोप केन्द्र तोकी खोप कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(२) खोप लगाई सकेपछि अनुसूची-१२ बमोजिमको खोप कार्ड भरी सम्बन्धित पशुधनीलाई प्रदान गरिनेछ ।

(३) खोपकर्ताहरुले अनुसूची-१३ बमोजिको खोप कार्यक्रमको प्रगति विवरण सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराई कार्यालयलाई पठाउनु पर्नेछ ।

(४) कार्यालयले खोप कार्यको प्रगति प्रतिवेदन निर्देशनालय मार्फत मन्त्रालयलाई पठाउनु पर्नेछ ।

२०. <u>खोप कार्यको अनुगमनः</u> खोप कार्यक्रमको अनुगमन सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयले आवश्यकता अनुसार गर्नेछ ।

२१. <u>खोपको प्रभावकारिता मूल्याङ्कनः</u> खोपकार्यको प्रभावकारिता मुल्याङ्कनको लागि निर्देशनालयले राष्ट्रिय खोरेत तथा सीमाविहिन रोग अन्वेषण प्रयोगशाला, बुढानिलकण्ठ, काठमाडौं तथा सम्बन्धित कार्यालयसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

२२. <u>खोपकर्ताको पारिश्रमिक तथा सुविधा सम्बन्धी व्यवस्थाः</u> कार्यालयले खोपकर्तालाई पशुहरुलाई खोरेत विरुद्धको खोप लगाए वापत अनुसूची- १६ बमोजिमको आधारमा पारिश्रमिक उपलब्ध गराउने छ ।

## परिच्छेद-६

## <u>स्थानीय जातका बाख्रा विकास/प्रवर्द्धन कार्यक्रम</u>

२३. <u>आवेदकः</u> यस कार्यक्रममा समुदायमा आधारित दर्तावाल कृषक समूह र सहकारी आवेदन दिन सक्नेछन् ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

२४. <u>कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः</u> (१) कृषक समूहमा कम्तीमा १० (दश) जना स्थानीय जातका बाख्रा पालक कृषक सदस्य हुनु पर्नेछ । प्रत्येक बाख्रापालक कृषक सदस्यसँग कम्तीमा ५(पाँच) वटा स्थानीय जातका माउ बाख्रा हुनु पर्नेछ ।

(२) बाख्राहरुको अनिवार्य रुपमा बीमा गरेको हुनु पर्नेछ ।

(३) साझेदार संस्थाले देहाय अनुसारका कृयाकलापहरुको लागि प्रति साझेदार बढीमा १५ लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) खोर निर्माण/सुधार, यार्ड निर्माण,

(ख) प्रजनन् योग्य स्थानीय जातको बोका खरिद(प्रति ३० बाख्राको लागि एक बोका),

(ग) परजीवी नियन्त्रणको लागि पुर्वाधार निर्माण,

(घ) खोप कार्य सञ्चालन,

(ङ) जैविक सुरक्षा व्यवस्थापन,

(च) यन्त्र, उपकरण खरिद ।

## परिच्छेद-७

## <u>पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम</u>

२५. <u>आवेदकः</u> यो कार्यक्रममा दुग्ध उत्पादक सहकारी संस्थाले आवेदन दिन सक्नेछन् ।

२६. <u>कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः</u> (१) कार्यक्रममा सहभागिताको लागि इच्छुक आवेदकले देहाय अनुसार मापदण्ड पूरा गरेको हुनु पर्नेछ :-

(क) सम्बन्धित निकायमा दर्ता भई नियमानुसार नविकरण, लेखा परीक्षण तथा कर चुक्ता गरेको हुनु पर्नेछ ।

(ख) आवेदक संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको १(एक) वर्ष पुरा भई दैनिक कम्तीमा १५० (एक सय पचास) लिटर दूध संकलन गरेको हुनु पर्नेछ ।

(ग) आवेदक संस्थाले काभ्रे, चितवनमा दैनिक कम्तीमा ३०(तीस) लिटर, ललितपुर, भक्तपुर र मकवानपुर जिल्लामा दैनिक कम्तीमा २० (बिस) लिटर, र काठमाडौं जिल्लामा दैनिक कम्तीमा १५ (पन्ध्र) लिटर र सिन्धुली, सिन्धुपाल्चोक, धादिङ, रामेछाप, दोलखा, नुवाकोट र रसुवा जिल्लामा दैनिक कम्तीमा १० (दश) लिटर दूध विक्री गर्ने १५ (पन्ध्र) जना कृषकहरु (एक प्याकेज) छनौट गरी अनुसूची-१४ बमोजिमको फारम भरी प्रस्तावसँगै पेश गर्नु पर्नेछ । (२) पशुहरुको अनिवार्य बीमा गर्नु पर्नेछ ।

(३) साझेदार संस्थाले देहाय अनुसारका कृयाकलापहरु सञ्चालनको लागि प्रति कृषक बढीमा १ लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(क) गोठ निर्माण/सुधार,

(ख) जैविक सुरक्षाको व्यवस्थापन,

(ग) परजीवी नियन्त्रण/उपचार,

(घ) खोप कार्य सञ्चालन,

(ङ) यन्त्र/उपकरण/रियजेन्ट/रसायन खरिद(ह्वील ब्यारो, कम्प्रेसर वाटर पम्प, SS मिल्क क्यान, CMT किट, टिट डिपिङ्ग किट, डि फ्रिज आदि),

(च) पशु आहारा व्यवस्थापन ।

(४) साझेदार संस्थाले दैनिक रुपमा दूध उत्पादन, खोप कार्य, पशुको दैनिक खुराक योजना (Daily Diet Plan), कृत्रिम गर्भाधान, उपचार आदिको व्यवस्थित अभिलेख राख्नु पर्नेछ ।

## परिच्छेद-८

## भेडा/बाख्रा प्रवर्द्धन कार्यक्रम

२७. **आवेदकः** यो कार्यक्रममा दर्तावाल भेडा/बाख्रापालक कृषक समूह र नीजि फार्महरुले आवेदन दिन सक्नेछन् ।

२८. **कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः** (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग कम्तीमा ६० (साठी) वटा माउ भेडा/बाख्रा हुनु पर्नेछ । कृषक समूहको हकमा कम्तीमा १०(दश) जना भेडा/बाख्रा पालक सदस्य भई प्रति भेडा/बाख्रा पालक सदस्यले कम्तीमा १० (दश) वटा माउ भेडा/बाख्रा पालेको हुनु पर्नेछ ।

(३) आवेदकले पशु आहारा, जैविक सुरक्षा आदिको उचित व्यवस्थापन गरेको हुनु पर्नेछ ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा १५ लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) घाँस खेती, चरन सुधार,

(ख) प्रजनन् योग्य बोका/थुमा खरिद,

(ग) खोर/घुम्ती खोर निर्माण/सुधार,

(घ) परजीवी नियन्त्रण/खोप संचालन,

(ङ) जैविक सुरक्षाको व्यवस्थापन,

(च) कृषकस्तर स्थलगत तालिम,

(छ) फार्ममा आवश्यक यन्त्र, उपकरण खरिद ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद-०९

## स्थानीय ग्रामीण कुखुरा संरक्षण र प्रवर्द्धन कार्यक्रम

२९. आवेदक: यो कार्यक्रममा निजी फार्म वा कृषक समुह/सहकारीहरुले आवेदन दिन सक्नेछन् ।

३०. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग कम्तीमा २०० (दुई सय) वटा स्थानीय जातको कुखुरा हुनु पर्नेछ।

(३) आवेदकले जैविक सुरक्षा उचित व्यवस्थापन गरेको हुनु पर्नेछ ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु सञ्चालनको लागि प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) स्थानीय जातको कुखुराको चल्ला वा ब्रुडिङ्ग गरेको चल्ला खरिद,

(ख) खोर निर्माण/सुधार,

(ग) परजीवी नियन्त्रण/खोप सञ्चालन,

(घ) जैविक सुरक्षाको व्यवस्थापन,

(ङ) यन्त्र, उपकरण खरिद(ब्रुडर, मिनी ह्याचरी, स्प्रेयर, आदि) ।

(५) कार्यक्रम सम्पन्न भए पश्चात साझेदार संस्थासँग कम्तीमा ५००(पाँच सय) वटा स्थानीय कुखुरा हुनु पर्नेछ ।

## परिच्छेद-१०

## चौरी प्रवर्द्धन कार्यक्रम

३१. आवेदक: यो कार्यक्रममा चौरीपालक कृषक समुहहरु वा निजि चौरी फार्महरुले आवेदन दिन सक्नेछन् ।

३२. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) समुहमा कम्तीमा पाँच जनाले चौरी पालेको हुनु पर्दछ । कृषक समूहले कम्तीमा ५० (पचास) चौरी पालेको हुनु पर्नेछ । निजि चौरी फार्महरुले कम्तिमा १५ गोटा चौरी पालेको हुनुपर्नेछ ।

(३) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा १५ लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) चरन खर्क सुधार,

(ख) चौरीको लागि भाले (याक) खरिद,

(ग) घुम्ती गोठ निर्माण/सुधार,

(घ) परजीवी नियन्त्रण/खोप संचालन,

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(ङ) घुम्ती सोलार जडान,

(च) गोठालोहरुको लागि आवश्यक समाग्री खरिद,

(छ) खानेपानी पाईप खरिद तथा आकाशे पानी संकलन व्यवस्थापन,

(ज) दुग्ध संलकन, ढुवानी तथा प्रशोधन सम्बन्धीका आवश्यक समाग्रीहरु खरिद,

(झ) चौरीपालन सम्बन्धि अन्य कार्यहरु ।

## परिच्छेद-११

## बंगुर प्रवर्द्धन कार्यक्रम

३३. **आवेदकः** यो कार्यक्रममा दर्तावाल बंगुरपालक कृषक समूह र नीजि फार्महरुले आवेदन दिन सक्नेछन् ।

३४. **कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः** (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग कम्तीमा २० (बीस) वटा माउ बंगुर हुनु पर्नेछ । कृषक समूहको हकमा कम्तीमा १०(दश) जना बंगुर पालक सदस्य भई प्रति बंगुर पालक सदस्यले कम्तीमा ३(तीन) वटा माउ बंगुर पालेको हुनु पर्नेछ ।

(३) आवेदकले पशु आहारा, जैविक सुरक्षा आदिको उचित व्यवस्थापन गरेको हुनु पर्नेछ ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा ५ लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) खोर निर्माण/सुधार,

(ख) परजीवी नियन्त्रण/खोप संचालन,

(ग) भाले बंगुर खरिद,

(घ) जैविक सुरक्षाको व्यवस्थापन,

(ङ) कृषकस्तर स्थलगत तालिम,

(च) फार्ममा आवश्यक यन्त्र, उपकरण खरिद ।

## परिच्छेद-१२

## बाच्छी हुर्काउने प्रोत्साहन कार्यक्रम

३५. **आवेदकः** यो कार्यक्रममा दर्तावाल गाईपालक निजी फर्म वा समुह/सहकारीले आवेदन दिन सक्नेछन् ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

३६. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) निजी फर्मको हकमा कम्तीमा २५(पाच्चिस) वटा गाई पालेको हुनु पर्नेछ ।

(३) आवेदकले पशु आहारा, जैविक सुरक्षा आदीको उचित व्यवस्थापन गरेको हुनु पर्नेछ ।

(४) आवेदक संस्थाले प्रति कृषक २५ वटा बाच्छी प्रजनन् योग्य हुने गरि हुर्काउनको लागि प्रतिवद्धता पेश गर्नु पर्नेछ।

(५) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति बाच्छी १५ हजारको दरले अधिकतम ३ लाख ७५ हजार प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) आहारा व्यवस्थापन,

(ख) बाच्छी सङ्कलन तथा खरिद,

(ग) गोठ निर्माण/सुधार,

(घ) जैविक सुरक्षाको व्यवस्थापन,

(ङ) फार्ममा आवश्यक यन्त्र, उपकरण खरिद ।

## परिच्छेद-१३

## गाई/भैसी पुनर्स्थापना कार्यक्रम

३७. आवेदक: यो कार्यक्रम स्थानीय तहसँगको सहकार्यमा सञ्चालन गरिनेछ ।

३८. कार्यक्रम सञ्चालनको विधि/शर्तहरु: (१) कार्यालयले स्थानीय तहसँग सहकार्य गरी गाई/भैसीको लागि पुनर्स्थापना केन्द्र स्थापना गर्नेछ ।

(२) अनुत्पादक, घाइते वा बाँझोपना समस्या भएका गाई/भैसीको लागि पुनर्स्थापना केन्द्र स्थापना गरिनेछ ।

(३) अनुत्पादक, घाइते वा बाँझोपना समस्या भएका गाई/भैसीको प्रमाणिकरण पशु चिकित्सकले गर्नुपर्नेछ ।

(४) पुनर्स्थापना केन्द्रमा रहने विरामी पशुहरुको उपचारको लागि एक जना पशु चिकित्सक र एक जना पशु प्राविधिक नियुक्ति गरिनेछ ।

(५) कृषकहरुको गोठमा रहेका अनुत्पादक वा बाँझोपना भएका गाई/भैसीहरुलाई पुनर्स्थापना केन्द्रमा लगी उपचार गरिनेछ र उपचार पश्चात सोही कृषकलाई गाई/भैसी फिर्ता गर्नु पर्नेछ ।

(६) स्थानीय तहले पाँच बर्षसम्म पुनर्स्थापना केन्द्र संचालनको प्रतिवद्धता गर्नु पर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

(७) यस कार्यक्रम अन्तर्गत देहायका कृयाकलापहरु संचालनको लागि बढीमा १५ लाख रुँपया प्रदान गरिनेछः-

(क) गोठ र डिस्पेनसरी निर्माण,

(ख) जैविक सुरक्षा व्यवस्थापन,

(ग) उपचारको क्रममा प्रयोगमा आउने आवश्यक यन्त्र, उपकरण खरिद ।

(घ) आहारा व्यबस्थापन खर्च

(ङ) प्राबिधिक खर्च तथा अन्य।

## परिच्छेद-१४

## निर्वाहमूखी पशुपालन पद्धतिलाई व्यवसायिकरण कार्यक्रम

३९. <u>आवेदकः</u> यो कार्यक्रममा दर्तावाल गाई / भैसि पालक कृषक समूह/सहकारीले आवेदन दिन सक्नेछन् ।

४०. <u>कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः</u> (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) कृषक समूह/सहकारीको हकमा कम्तीमा १०(दश) जना गाई/ भैसि पालक सदस्य भई प्रति कृषक कम्तीमा ३(तीन) वटा माउ गाई/ भैसि पालेको हुनु पर्नेछ ।

(३) आवेदकले पशु आहारा, जैविक सुरक्षा आदीको उचित व्यवस्थापन गरेको हुनु पर्नेछ ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा ४० लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) घाँस खेती सुधार,

(ख) गोठ निर्माण/सुधार,

(ग) गाई/ भैसि खरिद,

(घ) परजीवी नियन्त्रण/खोप संचालन,

(ङ) जैविक सुरक्षाको व्यवस्थापन,

(च) फार्ममा आवश्यक यन्त्र, उपकरण खरिद,

(छ) दुग्ध संकलन, ढुवानी तथा प्रशोधन सम्बन्धी यन्त्र/उपकरणहरु खरिद ।

(५) कार्यक्रम सञ्चालन पश्चात प्रति कृषक कम्तीमा ५(पाँच) वटा माउ गाई/ भैसि पालेको हुनु पर्नेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## परिच्छेद-१५

## पशुपन्छी तथा मत्स्य सम्वन्धी एग्रोटुरिजम कार्यक्रम

४१. **आवेदकः** यो कार्यक्रममा दर्तावाल कृषक समूह वा निजी फर्मले आवेदन दिन सक्नेछन्।

४२. **कार्यक्रम सञ्चालनको विधि/शर्तहरुः** (१) कार्यालयले साझेदार संस्था छनौट गर्न सूचना आह्वान गर्नेछ ।

(२) आवेदकसँग पन्छीको हकमा कम्तिमा ५०० लोकल कुखुरा हुनुपर्ने र मत्स्यको हकमा कम्तिमा २० कठ्ठा वा १५ रोपनी जलासय क्षेत्रफल हुनुपर्ने माछा पालेको हुनु पर्नेछ।

(३) आवेदकको फर्मसम्म बाटोको राम्रो व्यवस्था भएको हुनु पर्ने र सवारी साधान पुग्न सक्ने हुनु पर्दछ।

(४) साझेदार संस्थाले देहायका कृयाकलापहरु संचालनको लागि प्रति साझेदार बढीमा १५ लाख रुँपया प्रोत्साहन रकम खर्च गर्न सक्नेछन् :-

(क) फार्ममा Day trips(दिन यात्रा)मा आउने आगन्तुकको लागि आवश्यक पर्ने पूजिगत प्रकृतिका सामाग्री खरिद/संरचना निर्माण,

(ख) फार्ममा Overnight Stay (रातभरको बसाई)को लागि आवश्यक पर्ने पूजिगत प्रकृतिका सामाग्री खरिद/संरचना निर्माण ।

## परिच्छेद-१६

## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

४३. **साझेदार रकमः** (१) सम्झौतामा उल्लेखित क्रियाकलापहरु सञ्चालन गर्न स्वीकृत वार्षिक बजेटको परिधीभित्र रही रकम उपलब्ध गराईनेछ । पूजीगत प्रकृतिका कृषि पूर्वाधार जस्तै- गोठ, खोर, आदि निर्माणको हकमा कुल लागतको बढीमा ८० प्रतिशत तथा चालू प्रकृतिका उत्पादन सामग्री खरिदमा बढीमा ५० प्रतिशत सम्म प्रोत्साहन रकम प्रदान गर्न सकिनेछ ।

(२) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, इन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरीक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, अभिमुखीकरण आदिमा खर्च गरिनेछ ।

(३) कार्यक्रमको अनुगमन सम्बन्धित कार्यालय तथा स्थानीय तहका सम्बन्धित निकायबाट सयुक्त वा आवश्यकता अनुसार छुट्टाछुट्टै हुन सक्नेछ । यसरी भएको अनुगमनबाट दिइएको मौखिक वा लिखित पृष्ठपोषण पालन गर्नु साझेदारको कर्तव्य हुने छ।

(४) कार्यक्रम संचालनको लागि छनौट एवम् सम्झौता भएको साझेदारहरुको विवरण

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

सम्बन्धित कार्यालयले नियमित अध्यावधिक गरी प्रकाशन एवम् सम्बन्धित माथिल्लो निकायमा पठाउनु पर्नेछ ।

(५) कार्य प्रगति र सुपरिवेक्षणको आधारमा साझेदारले पेश गरेको रनिङ्ग/ अन्तिम बिललाई प्राविधिक सिफारिस तथा कार्यालयले स्थलगत निरीक्षण गरी बढीमा तीन किस्तामा साझेदारको बैक खाता मार्फत भुक्तानी गर्न सकिनेछ । साथै अन्तिम किस्ता भुक्तानीका लागी पेश गर्दा कार्य सम्पन्न प्रतिवेदन, बील, स्थलगत निरीक्षण तथा कार्य सम्पन्नको फोटो भए पश्चात मात्र भुक्तानी गरिनेछ।

(६) प्रोत्साहन रकम सम्झौता भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरुमा खर्च गर्न पाइने छैन ।

## परिच्छेद -१७

## अन्य व्यवस्था

४४. **दोहोरोपना नहुने:** यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघीय तथा स्थानीय तहवाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासगँ दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । गत आर्थिक वर्षमा सोही प्रकृतिको प्रोत्साहन प्राप्त गर्ने साझेदार संस्थालाई प्रकृयामा समावेश गराइने छैन ।

४५. **पशुपन्छीको स्वास्थ्य संरक्षण:** कार्यालयले स्वीकृत वार्षिक कार्यक्रम अनुसार पशुपन्छीको संक्रामक रोग विरुद्ध खोप कार्य सञ्चालन गरी पशु स्वास्थ्य संरक्षणको व्यवस्था मिलाउन सक्नेछ। खोप कार्य सञ्चालन गरे वापत खोपकर्तालाई प्रदान गरिने पारिश्रमिक अनुसूची-१६ बमोजिम हुनेछ।

४६. **सार्वजनिक सूचना पाटी सम्बन्धी व्यवस्था:** प्रोत्साहन रकम प्राप्त गर्ने साझेदार संस्थाले अनुसूची-१७ बमोजिमको सार्वजनिक सूचना पाटी कार्यक्रम सञ्चालन स्थलमा अनिवार्य सबैले देख्ने गरि टाँस गर्नु पर्नेछ ।

४७. **कारबाही सम्बन्धी व्यवस्था:** साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

४८. **संशोधन:** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ । आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संशोधन गरिनेछ ।

४९. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेख भएका सञ्चालन प्रकिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजीम नै हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**प्रस्ताव आह्वानको सूचनाको ढाँचा**

प्रथम पटक प्रकाशित मितिः ... ... ... ... ... ... ...

... ... ... *(कार्यालयको नाम)* ... ... ... ... आ.व. ... ... ... ... को स्वीकृत वार्षिक कार्यकम अनुसार ... ... ... *(कार्यक्रमको नाम)* ... ... कार्यक्रम सञ्चालनका लागि ... ... *(कार्यक्रम क्षेत्र)* ... ... ... अन्तर्गतका इच्छुक पशुपालक कृषक समूह/ सहकारी/ निजी उद्यमीले यो सूचना प्रकाशित मितिले तिस (३०) दिनभित्र रु. दश (१०) को हुलाक टिकट टाँसी पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को अनुसूची-३ अनुसारका कागजातहरु संलग्न राखी अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन ... ... ... ... *(कार्यालयको नाम)* मा दर्ता गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । साथै रित नपुगी दर्ता भएका प्रस्ताव छनौट प्रक्रियामा समावेश गरिने छैन ।

<u>नोट</u>ः पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० यस कार्यालय/निर्देशनालयको.........वेवसाइटबाट डाउनलोड गर्न सकिनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

<u>आवेदनको ढाँचा</u>

मिति : ... ... ... ... ...

श्रीमान् कार्यालय प्रमुख ज्यू,

... ... ... ... ... ... ... ... ... ... ... ... ... ।

विषयः <u>प्रस्ताव पेश गरिएको बारे ।</u>

महोदय,

तहाँ कार्यालयको मिति ... ... ... ... ... ... ... मा ... ... ... ... ... ... ... ... राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार "... ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम" सञ्चालन गर्ने इच्छा भएकोले तपसिल अनुसारका कागजातहरु संग्लग्न राखी यो निवेदन पेश गरेको छु/ छौं । उक्त कार्यक्रम प्राप्त भएमा द्विपक्षीय सम्झौता र कार्यविधिमा भएका शर्त र मापदण्ड परिपालना गरी कार्यकम सञ्चालन गर्ने प्रतिबद्धता गर्दछु/ छौं। साथै सम्झौता र मापदण्ड विपरित गरेको पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/ छौं ।

<u>संग्लग्न कागजातहरुः</u>

१) ... ... ... ... ... ... ... ... ...,

२) ... ... ... ... ... ... ... ... ...,

<u>आवेदकको</u>

नामः

पदः

ठेगानाः

<u>संस्थाको</u>

नामः

संस्थाको छापः

सम्पर्क नं. :

औंठा छाप

| दाँया | बाँया |
| --- | --- |
| | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

आवेदन पत्र साथ संलग्न गर्नुपर्ने कागजातहरु

१) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२) कृषक समूह/ सहकारी/ निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३) गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज
४) कृषक समूह/ सहकारी संस्थाको हकमा बैठक निर्णय प्रतिलिपि,
५) जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५(पाँच) वर्षको करार सम्झौता पत्र,
६) कार्यक्रममा सहभागी गराई दिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुवालउनपर्ने),
७) अनुसूची-४ बमोजिमको कार्य योजना,
८) अनुसूची-५ बमोजिमको स्व-घोषणा पत्र,
९) अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा,
१०) कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाइएको पत्र,

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-४

(दफा ४ सँग सम्बन्धित)

## कार्यक्रमको संक्षिप्त कार्ययोजना

१. आवेदक संस्थाः

१.१ आवेदक संस्थाको नाम तथा ठेगानाः

| | | |
|---|---|---|
| आवेदक संस्थाको नाम | : | |
| ठेगाना | : | |
| संस्था दर्ता भएको मिति र निकाय | : | |
| सम्पर्क व्यक्तिको नाम र पद | : | |
| सम्पर्क नं. | : | |
| इमेल | : | |
| कार्यक्रम हुने स्थान | : | |

१.२ संचालक समिति/ कार्य समिति पदाधिकारीहरुको नामावलीः

| क्र.स. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

१.३ शैक्षिक योग्यता र सम्बन्धित क्षेत्रमा तालिमः

| क्र.स. | नाम | लिङ्ग | पद | शैक्षिक योग्यता | तालिम | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तालिमको विषय | तालिम अवधि | तालिम दिने निकाय |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्ताव पेश गर्ने बारे संचालक समितिको निर्णय र निर्णय मितिः
… … … … … … … … … … … … … … … … … … … … … … … … … … … …

साधारण सदस्य संख्याः (क) पुरुष … … … … (ख) महिला … … … …

शेयर सदस्य संख्याः (क) पुरुष … … … … (ख) महिला … … … … …

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

१.३ स्थापना कालका कियाकलापहरु: ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१.४ हालका क्रियाकलापहरुः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

१.५ हाल सम्म सम्पन्न मुख्य मुख्य कार्यहरुः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

२. पशुपन्छी तथा मत्स्यपालनको अवस्थाः

| क.स. | पशु प्रजाति | हाल पालिरहेको संख्या/ क्षेत्रफल | कार्यक्रम पश्चात पालिने संख्या/ क्षेत्रफल (प्रस्तावित) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | *पशुपन्छीको शारीरिक अवस्था (बाच्छा/ बाच्छी/ पाठा/ पाठी/ माउ/ भाले आदि) अनुसार छुट्टाछुट्टै उल्लेख गर्नुपर्ने)* |
| २. | | | | |
| ३. | | | | |

३. जग्गा सम्बन्धि विवरणः

| क.स. | जग्गा धनिको नाम | जग्गाको क्षेत्रफल | कित्ता नं. | कैफियत |
|---|---|---|---|---|
| (क) | भौतिक संरचना | | | |
| | | | | |
| | | | | |
| (ख) | घाँस खेती | | | |
| | | | | |
| | | | | |

४. ऋण लिएको विवरणः

ईजाजत प्राप्त बैंक तथा वित्तीय संस्था वा सहकारीबाट लिएको ऋणको विवरणः

| लगानी गर्ने बैंक/वित्तीय संस्था | ऋण लिनुको उद्देश्य | रकम रू. | ऋण लिएको अवधि | सम्पूर्ण ऋण चुक्ता गरेको मिति | ऋण रकमले सम्पन्न गरेका क्रियाकलापहरु र उपलब्धिहरु |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

५. रोगजारीको अवस्था(संचालक/ कार्य समिति बाहेक):

| क.स. | पद | शैक्षिक योग्यता | महिला/ पुरुष | सम्बन्धित क्षेत्रमा कार्य अनुभव |
|---|---|---|---|---|
| हालको रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| कार्यक्रम सञ्चालन पश्चात थप रोजगारीको अवस्था | | | | |
| | | | | |
| | | | | |
| | | | | |

६. चरन क्षेत्र, मेशिनरी औजार तथा नविनतम प्रविधिको प्रयोगः

(क) चरन क्षेत्र र घाँसखेतीको क्षेत्रफलः ... ... ... ... ... ... ... ... ... ... ... ... ...

- प्रमुख घाँसका जातहरुः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(ख) सञ्चालनमा आएका मेशिनरी औजारहरुः ... ... ... ... ... ... ... ... ... ... ...

(ग) नविनतम प्रविधिको प्रयोगः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

७. वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरणः

कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता वातावरणीय तथा सामाजिक जोखिम आउन सक्छन् ? र ती जोखिम न्यूनीकरण गर्नका लागि के के योजना छन् ?

८. वर्तमानको समस्याहरुः ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

(उत्पादन तथा बजारीकरणसँग जोडिएका समस्याहरु उल्लेख गर्न सकिने छ ।)

पहिचान भएका समस्याहरुको समाधानका लागि बनाईएका योजनाहरुः

| क.स. | समस्याहरु | हाल गरिएका पहल | समस्या समाधानका लागि बनाइएका योजनाहरु |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

९. कार्यक्रमबाट हासिल हुने अपेक्षित प्रतिफलः

| क. स. | क्रियाकलापको नाम | आधार रेखा (हालको अवस्था) | कार्यक्रम सञ्चालन पछिको अपेक्षित प्रतिफल | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोश्रो वर्ष | तेस्रो वर्ष | |
| १ | | | | | | |
| २ | | | | | | |



मा.डा. राजेन्द्र ...
मन्त्री

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| *नोटः प्रस्तावित कार्यक्रम अनुसार मेल खाने र भए/गरेका क्रियाकलापहरु मात्र उल्लेख गर्नु पर्ने* | | | | | | |

१०. उत्पादित वस्तुको बजारीकरणको योजनाः

| क्र.स. | उत्पादित बस्तु | उत्पादन परिमाण | उत्पादित बस्तुको बजार | खरिद कर्ता सँग भएको सम्झौता | बजारीकरणको योजना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

११. आवेदकले स्वलगानी गर्न चाहेको खण्डमा रकमको सुनिश्चितता (आवेदकले लगानी गर्ने):

| क्र.स. | आवेदकले लगानी गर्ने रकम | रकम प्राप्ति श्रोत | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

आर्थिक प्रस्तावः

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | प्रोत्साहन रकम | स्वलगानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-५

(दफा-४ सँग सम्बन्धित)

<u>स्व-घोषणा पत्र</u>

श्रीमान् कार्यालय प्रमुख ज्यू,

... ... ... *(कार्यालयको नाम)* ... ... ...

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ... ... ... ... ... ..., का दिन ... ... ... ... पत्रिकामा प्रकाशित सूचना अनुसार ... ... ... ... ... ... ... ... स्थित ... ... ... ... ... ... ... ... ... ले ... ... ... ... ... ... ... ... ... ... ... कार्यक्रम प्रास्ताब पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछु/ छौं । यदि यस स्व-घोषणामा केही झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछु/ छौं ।

तपसिलः

१. अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कुनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।

२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।

३. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

<u>आवेदकको</u>

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

नामः

पदः

ठेगानाः

संस्थाको छापः

सम्पर्क नं. :


मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-६

(दफा ४ सँग सम्बन्धित)

<u>सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रदेखि कार्यक्रम सञ्चालन गरिने स्थानसम्मको</u>

<u>नक्साः</u>




मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-७

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## स्थलगत प्रमाणीकरण प्रतिवेदन ढाँचा

कार्यक्रमको नामः

आवेदक संस्थाको र ठेगाना :

स्थलगत प्रमाणीकरण मितिः

१. भौतिक पूर्वाधारको अवस्थाः

| भौतिक पूर्वाधार | भए (√) / नभएको (x) | कैफियत |
|---|---|---|
| बाटो | | |
| बिजुली | | |
| पानी | | |
| बजार सुबिधा | | |
| ... ... ... ... ... ... ... ... ... ... ... | | |

२. चरन तथा घाँस खेतीको अवस्थाः

| | चरन क्षेत्र | घाँस खेती |
|---|---|---|
| मुख्य घाँसका जातहरु | | |
| घाँस खेती क्षेत्रफल | | |
| जग्गाको स्वामित्व | | |

३. पशुपालन तथा उत्पादनको अवस्थाः

| पशु प्रजाति | पशु संख्या | | | उत्पादन बिक्रि (दूध/ मासु) |
|---|---|---|---|---|
| | माउ | बाच्छा/ बाच्छी/ पाठा/ पाठी | साँढे/ राँगो/ बोका/ बिर | |
| गाई | | | | |
| भैंसी | | | | |
| बाखा | | | | |
| बंगुर | | | | |
| बदेल | | | | |
| | | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

४. पन्छीपालन तथा उत्पादनको अवस्थाः

| जात | पशु संख्या | | उत्पादन | |
|---|---|---|---|---|
| | भाले | पोथी | अण्डा | मासु |
| ग्रामिण कुखुरा | | | | |
| कालिज | | | | |
| अन्य .... | | | | |

५. मत्स्य पालन तथा उत्पादनको अवस्थाः

| जात | मत्स्य पालन क्षेत्रफल | मत्स्य उत्पादन |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

६. प्रयोग भईरहेका मेशिनरी औजार/ उपकरणहरुः

| नाम | संख्या |
|---|---|
| | |
| | |
| | |

७. भौगोलिक हिसाब उपयुक्तता भए/ नभएकोः ... ... ... ... ... ...

८. संस्थाले गरेका नविनतम कार्यहरुः ... ... ... ... ... ... ... ... ... ... ... ...

९. स्थलगत निरीक्षण टोलीको रायः

छनौटका लागि सिफारिस गर्न उपयुक्त रहेको/ नरहेकोः ... ... ... ... ... ...

१०. स्थलगत निरीक्षण गर्ने पदाधिकारीहरुको विवरणः

| नाम | पद | कार्यरत कार्यालय | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-८

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

मूल्याङ्कन गर्ने आधारहरु

कार्यक्रमको नामः

आवेदक संस्थाको नाम र ठेगानाः

मितिः

मूल्याङ्कनः

| क्र.स. | सूचक | अधिकतम अंक | प्रासांक | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार (बाटो, बिजुली, पानी, बजार सुबिधा आदि) | ५ | | |
| २ | संस्था दर्ता अवधि<br>*(संस्था दर्ता अवधि ५ वर्ष वा सो भन्दा बढी भएमा पूर्ण अंक मानी मुल्यांकन गरिने)* | ५ | | |
| ३ | हाल पालिरहेको पशु/पन्छी/मत्स्य संख्या/क्षेत्रफल<br>(प्रस्ताब गरिएको कार्यक्रम सँग सम्बन्धित मात्र) | २५ | | |
| ४ | घाँस खेतीको क्षेत्रफल (गाई, भैंसी, भेडा, बाखा, चौरीको हकमा)<br>*(१ गाई/भैंसी वा ४ बाखाको लागि न्युनतम १ रोपनी (डेढ कट्ठा) लाई पूर्ण अंक मानी मूल्याङ्कन गरिने)*/ आहारा व्यवस्थापन | १० | | |
| ५ | मेशिनरी औजार उपकरणको प्रयोग, नवीन प्रवधिको अनुशरण तथा अन्य कार्यहरु | १० | | |
| ६ | जैविक सुरक्षाको अवस्था तथा उपयोग | १५ | | |
| ७ | बैदेशिक रोजगारीबाट फर्की पशु व्यवसायमा आवद्ध<br>(५ वर्ष भन्दा बढी अवधिलाई पूर्ण अंक मानि) | ५ | | |
| ८ | सम्बन्धित क्षेत्रमा तालिम | १० | | |
| ९ | कार्ययोजना | १५ | | |
| जम्मा | | १०० | | |

*नोटः मूल्याङ्कन समितिले अनुसूची-८ मा उल्लेख भएका मूल्याङ्कनका सूचकलाई आधार मानी थप खण्डीकरण गरी मूल्याङ्कन गर्न सक्नेछ ।*

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

## अनुसूची-९

(दफा १० को उपदफा (३) सँग सम्बन्धित)

### दूध जोन छनौटका आधारहरु

| क सं | जिल्ला | न्यनतम दैनिक दूध उत्पादन | कैफियत |
|---|---|---|---|
| १ | काभ्रे, चितवन | ३०,००० लिटर | |
| २ | ललितपुर, भक्तपुर, मकवानपुर | १५,००० लिटर | |
| ३ | सिन्धुली, काठमाडौं, सिन्धुपाल्चोक, दोलखा | ५,००० लिटर | |
| ४ | नुवाकोट, धादिङ, रामेछाप | २००० लिटर | |
| ५ | रसुवा | १२०० लिटर | |

### दूध जोन प्याकेजमा कृषक छनौटका आधारहरु

| क सं | जिल्ला | न्यनतम दैनिक दूध उत्पादन | कैफियत |
|---|---|---|---|
| १ | काभ्रे, चितवन | ४० लि. | |
| २ | काठमाडौं, भक्तपुर, ललितपुर, मकवानपुर | ३० लि. | |
| ३ | नुवाकोट, सिन्धुली, सिन्धुपाल्चोक धादिङ, रामेछाप, दोलखा, रसुवा | २० लि | |

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

हेटौंडा, नेपाल

## अनुसूची-१०

(दफा १३ को उपदफा (४) सँग सम्बन्धित)

**दूध उत्पादन सम्बन्धी विवरण सङ्कलन फारम**

| क्र सं | मिति | दुहुना पशुको संख्या | दूध उत्पादन (लिटर) | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | बिहान | बेलुका | जम्मा | |
| १ | ............../........./...... | | | | | |
| २ | ............../........./...... | | | | | |
| ३ | ............../........./...... | | | | | |
| ४ | ............../........./...... | | | | | |
| ५ | ............../........./...... | | | | | |
| ६ | ............../........./...... | | | | | |
| ७ | ............../........./...... | | | | | |
| ८ | ............../........./...... | | | | | |
| ९ | ............../........./...... | | | | | |
| जम्मा | | | | | | |

**पेश गर्नेको:**

नामथर:

सम्पर्क नम्बर:

हस्ताक्षर:

मिति:

**प्रमाणित गर्नेको:**

नामथर:

सम्पर्क नम्बर:

हस्ताक्षर:

संस्था:

संस्थाको छाप:

मा.डा. राजेन्द्र मान श्रेष्ठ

मन्त्री

## अनुसूची-११

(दफा १७ को उपदफा (२) सँग सम्बन्धित)

**खोप कार्यको लागि आवश्यक सामाग्रीहरु**

हेटौडा, नेपाल

१. सिरिन्ज र निडिल

२. ग्लोभ्स

३. कपास

४. खोप कार्ड

५. स्टेशनरी सामाग्रीहरु

६. गमबुट

७. एप्रोन, मास्क ,हेडकभर

८. डिसइन्फेक्टेन्ट

९. कुल बक्स

१०. स्प्रिट

११. खोप विवरण सम्बन्धी फारमहरु

१२. डिस्पोजल किट

१३. रेनकोट, झोला, टर्च लाइट

१४. सेनिटाइजर

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-१२

(दफा १९ को उपदफा (२) सँग सम्बन्धित)

<u>खोप कार्डको नमूना</u>

कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार

कृषि तथा पुशपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, ... ... ... ... ... ...

<u>खोप कार्ड</u>

जिल्लाः

स्थानीय तहः

वडा नं.:

टोलः

पशुधनीको नामः

| क्र सं | पशुको विवरण | | | खोपको विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | प्रजाति | पहिचान | उमेर | खोपको नाम | खोप लगाएको मिति | अर्को पटक खोप लगाउने मिति | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |

खोपकर्ताको नामः

खोपकर्ताको हस्ताक्षरः

*द्रस्टव्यः एक प्रति पशुधनीलाई दिने र एक प्रति खोप कर्ताले सम्बन्धित निकायमा बुझाउने ।*

*यस फारममा दिइएका हरफ नपुगेमा यसै फारामको पछाडिको पेज प्रयोग गर्नु होला ।*



मा.डा. राजेन्द्र मान
मन्त्री

अनुसूची-१३

(दफा १९ को उपदफा (३) सँग सम्बन्धित)

**खोप विवरण कम्पाइलेसन फारम**

जिल्लाः ... ... ... ... ... स्थानीय तहः ... ... ... ... ... ... ... वडा नं.: ... ...

टोलः ... ... ... ... ... खोप सञ्चालन अवधिः ... ... ... ... देखि ... ... ... ... सम्म

| क्र. सं. | पशुधनीको नाम | प्रजाति अनुसार खोप लगाएको पशु संख्या | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | गाई | भैंसी | भेडा | बाखा | बंगुर/सुँगुर | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |

खोपकर्ताको:

नाम थरः

हस्ताक्षरः

मितिः

प्रमाणित गर्नेकोः

नामथरः

पदः

हस्ताक्षरः

मितिः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-१४

(दफा २६ को उपदफा (१) ग सँग सम्बन्धित)

<u>असल अभ्यास प्रवर्द्धन कार्यक्रम</u>

दुग्ध उत्पादक सहकारी संस्थाको नाम र ठेगानाः

<u>कृषक नामावली</u>

| क्र सं | कृषकको नाम थर | ठेगाना | सम्पर्क नम्बर | दुहुना पशु संख्या | | औसत दैनिक दूध उत्पादन (लि) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | गाई | भैंसी | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रमाणित गर्नेकोः

नामथरः

पदः

हस्ताक्षरः

संस्थाको छापः

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची-१५

(दफा-७ को उपदफा १ सँग सम्बन्धित)

**द्विपक्षीय सम्झौता पत्र**

आर्थिक वर्ष ... ... ... ... ... मा सञ्चालन हुने ... ... ... ... ... ... कार्यक्रमका लागि ... ... ... *(कार्यालयको नाम)* ... ... ... (यसपछि प्रथम पक्ष भनिने) र छनौट भएका ... ... ... पालक साझेदार संस्था ... ... ... ... ... ... ... ... ... ... (यसपछि दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तानामाहरुको अधीनमा रही कार्यक्रम सञ्चालन गर्न द्विपक्षिय सम्झौता गरी एक/ एक प्रति बुझि लियौं/ दियौं ।

तपसिलः

१. प्रथम पक्षले ... ... ... ... ... ... ... कार्यक्रम सञ्चालनका लागि इस्टिमेट गरिएको रकम रू. ... ... ... ... ... ... (अक्षेरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... ... ... ..) को कार्य सम्पन्न भए पछि ... ... ... *(कार्यालयको नाम)* ... ... ... बाट उपलब्ध गराइने प्रोत्साह रकम रु. ... ... ... ... (अक्षेरुपी ... ... ... ... ... ... ... ... ... ... ... ...) को २(दुई) प्रतिशत कन्टिनजेन्सी कट्टी गरी हुन आउने रकम रु. ... ... ... ... ... (अक्षेरुपी रुपैयाँ ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) मा नियमानुसार कर कट्टी पश्चातको रकम दोश्रो पक्षलाई बैंक खाता मार्फत भुक्तानी गर्नेछ ।

२. दोश्रो पक्षले तपसिल अनुसारका क्रियाकलापहरु मिति ... ... ... ... ... भित्र कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

| क्र.स. | क्रियाकलाप | इकाई | परिमाण | प्रोत्साहन रकम | स्वलागानी | कुल लगानी |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. दोश्रो पक्षले सम्झौता अनुसारको कार्य सम्पन्न गरेपछि सम्बन्धित प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिबेदन (भौतिक संरचनाको हकमा), बिल, भर्पाइ, सम्बन्धित वडाको सिफारिस र अन्य आवश्यक कागजातका साथ भुक्तानीका लागि अनुरोध गरे पश्चात सम्बन्धित कार्यालयले स्थलगत निरीक्षण गरी मनासिब ठहरेमा नियमानुसार प्रथम पक्षले भुक्तानी गर्नेछ ।

४. दोश्रो पक्षले पशु/ मत्स्य बीमा गरी बीमा अभिलेख प्रथम पक्षलाई पेश गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले पशुको वंशावली रेकर्ड अनिवार्य राख्नु पर्नेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/ निरीक्षण गरी सम्झौता मुताविक कार्य भए/ नभएको आधारमा आवश्यक सल्लाह/ सुझाव दिन सक्नेछ ।



मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

७. दोस्रो पक्षले नियमित रुपमा कार्यक्रमको चौमासिक प्रगति उपलब्धी एंव कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

८. दोस्रो पक्षले सम्झौता अनुरुप कार्य नगरेमा प्रथम पक्षले प्रोत्साहन रकम भुक्तानी गर्ने छैन ।

९. दोस्रो पक्षले कार्यक्रम अधुरो छाडी प्रोत्साहन रकम दुरुपयोग गरेको पाइएमा प्रथम पक्षले प्रोत्साहन रकम प्रचलित ऐन कानुन बमोजिम सरकारी बाँकी बक्यौता सरह असुल उपर गर्नेछ ।

१०. कार्यक्रम सञ्चालनको दौरानमा कुनै विषय हेरफेर वा परिमार्जन गर्नु पर्दा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

<u>प्रथम पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

निर्देशनालयको छाप

<u>दोश्रो पक्षको तर्फबाटः</u>

हस्ताक्षरः

नामः

पदः

संस्थाको छापः

<u>रोहवरः</u>

हस्ताक्षरः

नामः

पदः

कार्यालयको छापः

<u>रोहवरः</u>

हस्ताक्षरः

नामः

पदः

संस्थाको छापः

इति सम्बत् ... ... ... ... साल ... ... ... महिना ... ... गते रोज ... ... शुभम्।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

अनुसूची -१६

(दफा २२ सँग सम्बन्धित)

<u>संक्रामक रोग विरुद्ध खोप लगाए वापत खोपकर्तालाई प्रदान गरिने पारिश्रमिकको विवरण</u>

| क सं | पशुको किसिम | प्रति डोज पारिश्रमिक रु | कैफियत |
|---|---|---|---|
| १ | गाई/भैसी | २०।- | |
| २ | भेडा/बाखा/बंगुर | १०।- | |
| ३ | घर पालुवा पन्छी | १।- | |

नोटः अन्य संक्रामक रोग विरुद्ध खोप लगाए वापत खोपकर्तालाई प्रदान गरिने पारिश्रमिक यसै अनुसूची बमोजिम हुनेछ ।

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
हेटौंडा, नेपाल

अनुसूची-१७

(दफा ४६ सँग सम्बन्धित)

<u>सार्वजनिक सूचना पाटीको ढाँचा</u>

(साइजः ५ फिट ४ फिट)

बागमती प्रदेश सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**

... ... ... ... ... ... ...

कार्यक्रम/आयोजनाको नामः ... ... ... ... ... ... ...

आयोजना सञ्चालन गर्ने समूह/ सहकारी/ निजी उद्यमीको नामः ... ... ... ... ... ... ...

ठेगानाः ... ... ... ... ... ... ...

कार्यक्रम/ आयोजनाको कुल लागतः रु. ... ... ... ... ... ...

प्रोत्साहन रकमः रु. ... ... ... ... ... ...

साझेदार संस्थाको सहभागिताः रु. ... ... ... ... ... ...

आयोजना अवधीः ... ... ... ... ... ... देखि ... ... ... ... ... ... सम्म

लाभग्राही संख्याः महिला ... ... ... ... पुरुष ... ... ... ... ... कुल ... ... ... ... ...

दलित ... ... ... ... जनजाति ... ... ... ... अन्यजाति ... ... ... ... ...

*(द्रटब्ययः सार्बजनिक सूचना पाटी फलामको फ्रेममा इनामेलको प्रयोग गरी लेखेको हुनु पर्नेछ ।।*

मा.डा. राजेन्द्र मान श्रेष्ठ
मन्त्री